अरुण उपत्यकामा तामाङ संस्कारगीतमा अनुप्रास अलङ्कारका लक्षणको विवेचना

तारा बहादुर बुढाथोकी, मा.शि. (प्रथम श्रेणी)
श्री हिमालय माध्यमिक विद्यालय, खाँदबारी,
सहायक प्राध्यापक, वरुण बहुमुखी क्याम्पस, खाँदबारी
Email: tbbudhathoki1122@gmail.com
DOI: https://doi.org/10.3126/barunj.v2i01.78340
ORCID ID: 0009-0002-4695-2667

लेखसार

तामाङ लोकगीत नेपालका तामाङ भाषी समुदायको गीत हो । तामाङ जातिको लोकगीत संस्कार र कर्मपद्धति पनि हो । नेपालका विभिन्न भेगमा तामाङ गीत डम्फूको सङ्गीत र सेलोको लयमा स्थापित छ । नेपालको संविधान २०७४ अनुसार नेपालमा बोलिने सबै मातृभाषाहरु नेपालका राष्ट्रभाषा हुन् । तामाङ लोकगीत नेपाली लोक साहित्यको एउटा महत्त्वपूर्ण सम्पदा हो । लेखमा पूर्वीय साहित्य शास्त्रमा काव्य शोभाका रूपमा चर्चित अलङ्कार सिद्धान्तका आधारमा खाँदबारी भेकका तामाङ लोकगीतमा प्रयुक्त अन्त्यानुप्रास अलङ्कारको खोजी गर्ने प्रयास गरिएको छ । अरुण उपत्यकाका तामाङ्ग लोकगीतमा प्रयुक्त अन्त्यानुप्रास शब्दालङ्ककारयुक्त तामाङ्ग संस्कार गीतका हरफहरुको खोजी गर्नु र उक्त गीतहरुमा शब्दालङ्कारको विश्लेषण गर्नु अध्ययनको उद्देश्य हो । यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतको प्रयोग गरी प्रतिनिधिमूलक नमूना छनोट गरिएको छ । गुणात्मक तथा मिश्रित विधिको प्रयोग गरी श्रोतको व्याख्या गरिएको छ । नेपाली भाषाका लोकगीतमा जस्तै तामाङ भाषाका संस्कार लोकगीतमा पनि अलङ्कारको चमत्कार पाइन्छ । संस्कार गीतमा निहित अन्त्यानुप्रास सौन्दर्यले जीवनलाई र जगतसँग जोडिदिन्छन् भन्ने अध्ययनबाट प्राप्त परिणम हो । अन्त्यानुप्रास,वृत्यानुप्रास,छेकानुप्रास,श्रुत्यानुप्रास र पुनरुक्तवदाभास गरी पाँच प्रकारका अनुप्रास अलङ्कारको चर्चा गरियो । अध्ययनको निष्कर्षमा यमक, वक्रोक्ति, शब्दश्लेष आदि शब्दालङ्कार र उपमादि अर्थालङ्कारको चर्चा गर्न भविष्यमा गहकिलो अनुसन्धान गर्नु आवश्यक देखियो । थप अनुसन्धानबाट तामाङ संस्कार गीतमा शब्दालङ्कार र अर्थालङ्कारका सबै लक्षणहरु पाउन सकिनेछ ।

शब्द कुञ्जीः *अनुप्रास, अलङ्कार, तामाङ, लोकगीत, भाषा, साहित्य सिद्धान्त, उपत्यका ।*

परिचय

अध्ययनको पृष्ठभूमि

'फ्याफुल्ला' तामाङ जातिको अभिवादन गर्ने शब्द हो । तामाङ उच्च पहाडी र हिमाली भेगमा बसोबास गर्छन् । श्रम मन पराउँछन् । ब्रिटिस सरकारका सरदार जङगवीरले कमान्डर सामू, 'हामीलाई लामा भोटे नभनी तामाङ भनियोस् ।'

भनी निवेदन दिएपछि सन् १९८९ भाद्र ६ गतेका दिन कमान्डरबाट 'तामाङ भनी बोलाउने' तोक लागेको देखिन्छ। (तामाङ, सन् २००६, १९)। मूलतः काठमान्डौं उपत्यका आसपास र पूर्वी नेपालको हिमाली जिल्लाहरुमा बसोबास गर्ने एक प्रसिद्ध जाति र तिनको भाषा तामाङ भाषा हो। (अधिकारी र भट्टराई,२०६१, ४५१)। नेपालमै जन्मेका गौतम वुद्धद्वारा प्रतिपादित धर्म र दर्शनलाई संस्कार बनाएका तामाङ जातिको गीतलाई ह्वाइ भन्दछन्। मौलिक भाषा, धर्म र संस्कृति भएका तामाङ जाति आफ्ना संस्कार ह्वाइ अर्थात् गीतबाटै सम्पन्न गर्ने नेपालको एक जाति हो। तामाङहरु धर्मकर्म, देवदेवी र कुलपूजा वा शुभअशुभ काम ह्वाइबाटै गर्छन्। सीमेभूमे देवीदेउतालाई धुपबाती चढाउने गीतलाई "साङ्ला ह्वाइ", पर्साद चढाउने गीतलाई "सेरगेम्ला ह्वाइ", आराधना गीतलाई "माइवाला ह्वाइ", तीर्थको गीतलाई "नेला ह्वाइ", मकै गोड्दा गाइने (लिङगा ह्वाइ), हलो जोत्दा गाइने (लाङगो ताप्पा साइको ह्वाइ) भन्छन्। (तामाङ, २०५१, ११५।)

लोकसङ्गीत कुनै जाति ,भाषाभाषी वा स्थान विशेषमा रहेका समुदायको सामग्री हो। रचनाकार र रचनाकाल अज्ञात हुन्छ। अवसर विशेषको सम्बन्ध र स्थानीयताको राग छाप हुन्छ। तामाङ लोकगीत नेपालको सांस्कृतिक सम्पदा हो। तामाङ गीतको उत्पत्ति धर्म र संस्कृतिसँग जोडिएर भएको छ। तामङ गुरु ताम्बाले भन्ने गान्वाले सुने, गान्वाले अरुलाई सुनाउने क्रम चलेपछि ह्वाइ परम्परा बन्यो। भन्नेलाई ताम्बा र भनिएको कुरालाई काइतेन अथवा काइरन भनियो। आज पनि तान्बाहरु आफूलाई तान्त्रिक र विद्वान् शास्त्री नभई सुनेको कुरा सुनाउने प्रतिनिधिका रुपमा मात्र चिनाउँछन् (तामाङ, २०५१, १७)। यसरी तामाङ ह्वाइ जातीय परम्परा, मूल्य, संस्कार, संस्कृति र सभ्यताको द्योतक हो भन्न सकिन्छ।

सत्यनारायणको पूजा लगायत देवकार्जे गीतबाटै हुन्छ। नेपालका तामाङ जाति जन्म ह्वाइ, छेवर ह्वाइ, बज्रगुरु नामोत ह्वाइ, कन्छयाङ ह्वाइ (भातख्वाइ), घेवा चवादिन ह्वाइ, मोन्ज्याङ ह्वाइ (किरियामा गाइने, चाङ्बु सेङ्बा ह्वाइ) गीतबाट चित्रमा रङ भर्ने गीत, तामाङ इतिहासको ह्वाइ, बिबाहमा गाइने ह्वाइ, छेपाछे फूलोना ह्वाइ, महापूजा अर्पणका गीत, ल्हासुनारे ह्वाई, सेतेलामा सोङ, सेर्गी जोम्बो माला फे कर्मापाको अवतार ह्वाइ, अम्बाले ओ आदि गीतहरु गाउँदछन्। चूडामणि बन्धुले तामाङ सेलोलाई हिमाली गीतमा वर्गीकृत गरेका छन्। भौगोलिक विकटता, आधुनिक शिक्षा र साइबर संस्कृतिले लोकगीतमा ओझेल पर्दै छ। अङ्ग्रेजी भाषामोह, वैदेशिक रोजगारीको वाध्यता र अवसरको खोजीमा बसाइँसराइले पहिचान हराएर नयाँ पुस्ता डायस्पोरिक बन्दैछ। चाडपर्व, मेला उत्सव र सांस्कृतिक कार्जेहरुमा अद्यापि लोकगीत जीवित छन्। तामाङ जातिको संस्कार गीतमा देश, काल, परिस्थितिका प्रभावले केही नयाँ संस्करण भएको पाइन्छ।

समस्या कथन

सबै जातिको लोक साहित्यको विकासबाट मात्र नेपाली साहित्य पूर्ण हुन्छ। सबै राष्ट्रभाषाका लोकगीतको व्यापक अध्ययन विश्लेषण हुनुपर्दछ। तामाङ लोकगीतलाई पूर्वीय साहित्य सिद्धान्तका आधारमा विश्लेषण गरेको नपाइनु प्राज्ञिक रिक्तता हो। वौद्धधर्म अन्तर्गत तामाङ संस्कारसँग जोडिएका तामाङ ह्वाइलाई पूर्वीय साहित्य सिद्धान्तको काव्यतत्व अलङ्कार अन्तर्गत अनुप्रास लक्षणका आधारमा अध्ययन गर्नु प्राज्ञिक कार्य हुनेछ। यो लेखमा तामाङ संस्कार ह्वाइमा अनुप्रास अलङ्कार सम्बन्धी समस्याको समाधानका निम्ति निम्न प्रश्नहरु तयार गरिएको छ।

क) अरुण उपत्यकाका तामाङ संस्कार गीतमा के कस्ता अनुप्रास अलङ्कार प्रयोग भएका छन् ?

ख) अरुण उपत्यकाका तामाङ संस्कार गीतमा प्रयोग भएका अनुप्रास अलङ्कारयुक्त हरफहरु केकस्ता रहेका छन् ?

अध्ययनको उद्देश्य

पूर्वीय साहित्य सिद्धान्तमा स्थापित अलङ्कार लक्षणका आधारमा अरुण उपत्यकाको तामाङ्ग संस्कार गीतमा प्रयुक्त अनुप्रास अलङ्कारको खोजी गर्ने क्रममा प्रस्तुत लेख निम्न उद्देश्यमा केन्द्रित रहने छ

क) अन्त्यानुप्रास अलङ्ककारयुक्त तामाङ्ग संस्कार गीतका हरफहरुका खोजी गर्नु,

ख) अरुण उपत्यकाका तामाङ्ग लोकगीतमा प्रयुक्त अनुप्रास अलङ्कारको खोजी गर्नु ,

अनुप्रास अलङ्कार अध्ययनको सैद्धान्तिक आधार

पूर्विय साहित्य सिद्धान्तमा अलङ्कार महत्वपूर्ण काव्यतत्व हो । अलङ्कार शब्द ‘अलम्’ ‘कृ’ धातुमा ‘घञ’ प्रत्यय जोडिएर बनेको शब्द हो । अलमको अर्थ विभूषित गर्ने भूषण हो, (थापा, २०५०, २०६५) । भरतमुनिदेखि विश्वनाथ सम्मका आचार्यहरुले अलङ्कारको चर्चा गरेको पाइन्छ । अलङ्कारलाई भरतमुनिले उपमा, रुपक, दीपक र यमक भनेका छन् । भामहले ‘उक्ति सौन्दर्य’, उद्भट र रुद्रटले ‘विशेष प्रकारको कथन’, दण्डीले ‘काब्यशोभाकारक धर्म’ र कुन्तकले ‘वक्रोक्ति’ (उपाध्याय, २०४८, १०१)का रुपमा परिभाषित गरेका छन् । आनन्दवर्दधन, मम्मट, विश्वनाथ र जगन्नाथ प्रभृत्ति साहित्याचार्यले अलङ्कारलाई रस सौन्दर्यका रुपमा चिनाएको पाइन्छ (उपाध्याय, २०४८, १०) । अलङ्कार काव्यको सौन्दर्यवर्धन आभूषण नै अलङ्कार हो । वाक्यको अर्थमा शोभा बढाउने सुन्दर समानता उपमा अलङकार हो । (सादृश्य सुन्दरम् वाक्यार्थोपस्कारकमुपमालङ्कार कृति (जगन्नाथ, २०६८, ११) । यसले काव्यलाई चामत्कारिक र आनन्ददायक बनाउने काम गर्छ ।

अलङ्कारका भेदमा मतभिन्नता छ । भरतमुनिले चार, जगन्नाथले ११, भामहले ३९, दण्डी, उद्भट र बामनले ५२, रुद्रट, भोज र मम्मटका समयमा १०३, जयदेवले १३ र अजय दीक्षितले १७ अलङ्कार थपी १३३ अलङ्कार उल्लेख गरे । जगन्नाथको समयमा अलङ्कारको सङ्ख्या १८० पुगेको पाइन्छ । (उपाध्याय, २०४८, १०४) । अलङ्कारवादी आचार्य भामहले शब्दालङ्कार र अर्थालङ्कार गरी दुई प्रमुख अलङ्कारको उल्लेख गरे । शब्दालङ्कारमा पनि अनुप्रास, यमक, श्लेश, वक्रोक्त आदि भेद छन् । लेखमा पूर्वीय साहित्य सिद्धान्तको अलङ्ककार सिद्धान्तको अनुप्रास अलङ्ककारको सैद्धान्तिक आधारमा अरुण उपत्यकाको तामाङ संस्कर गीतको अध्ययन गरिन्छ ।

शब्द प्रयोगमा सौन्दर्य र चमत्कार भयो भने शब्दालङ्कार हुन्छ । अनु.प्र.आस. बाट बनेको अनुप्रास शब्दमा अनु. उपसर्गले वर्णनीय रसको अनुकुल, प्र.ले प्रकर्ष वा निकटता, आस.को अर्थ बारम्बार राख्नु हुन्छ । अर्थात् वर्णनीय रसको अनूकुल वर्णको बारम्बार प्रयोग गर्नु नै अनुप्रास हो (थापा, २०५०, २६३) । काव्यालङ्कारका शव्दालङ्कार र अर्थालङ्कार दुई भेद छन् । अलङ्कारवादी भामहले काव्यालङ्कारको दोस्रो परिच्छेदमा अलङ्कारलाई चिनाउन वक्राभिधेयशब्दोक्तिरिष्टा वाचामअलङ्कृति (वक्रतामय शब्दोक्ति नै बचनको अलङ्कार हो भनेका छन् । वाक्यको अर्थमा शोभा बढाउने वाला सुन्दर समानता उपमा अलङ्कार हो । व्याख्याकार डा.दलवीर सिंह चौहानद्वारा व्याख्यायित रसगङ्गाधरको उपमालङ्कारप्रकरणम् अनुसार–सादृश्यं सुन्दरं वाक्यार्थोपस्कारकमुपमालङ्कृति

(जगन्नाथ, २०६८, २७६)। आचार्य जगन्नाथले शब्दालङ्कारको उल्लेख गरेका छैनन्। पाणिनीले अष्टाध्यायीको द्वितीय अध्यायमा अलङ्कारलाई उपमान सहितको सामान्य भनाइ अलङ्कार हो। उपममानानि समान्यवचनम् (सूत्र ५५)। दण्डीले काव्यादर्शमा काव्यशोभाकारक धर्म, रुद्रटले रुद्रटालङ्कारमा अभिधान प्रकारविशेष भनेर चिनाएका छन्।

व्याख्याकार आचार्य विश्वेश्वरद्वारा व्याख्यायित मम्मट विरचित काव्यप्रकाशः अन्तर्गत नवम् उल्लासःमा अनुप्रास अलङ्कारको चर्चा गरिएको छ। मम्मटका अनुसार वर्णको समानता अनुप्रास हो। वार्णसाम्यमनुप्रासः (मम्मट, १९९८, ४०४)। छेकानुप्रास, वृत्यानुप्रास र लाटानुप्रास गरी तीन अनुप्रासको सोदाहरण विवेचना गरेको पाइन्छ। उनले संलक्ष्यक्रमव्यङ्ग्यध्वनिमा जहाँ शव्दले वस्तु अथवा अलङ्कार प्रधान रुपमा प्रतीत हुन्छ, त्यहाँ (क्रमशः वस्तुध्वनि र अलङ्कार ध्वनि) दुईवटा शव्दशक्ति उत्पन्न हुन्छन्। –अलङ्कारोकथवत्स्वेवशब्द्यत्रावभासते॥३८॥ प्रधानत्वेन सज्ञेयःशब्दशक्त्युद्धोद्विधा (मम्मट, सन् १९९८, १४७)। वस्तुध्वनि यसमा अलङ्कार रहित (केवल वस्तु) ग्रहण हुन्छ। व्याख्याकार शेषराज शर्मा रेग्मीद्वारा व्याख्यायित साहित्य दर्पणममा–शब्दार्थयोस्थिरा ये धर्मा शोभाशायिन। रस आदिको उपकार गरेर शब्द र अर्थको शोभा गराउने अस्थिर धर्म जसलाई शरीरमा वाजुको समान अलङ्कार भनिन्छ। रसादिनुपकुर्वन्तोकलङ्कारास्तेकगदादिवत्॥१॥ (विश्वनाथ, २०५०, ७६४)। स्वरको विषमता अर्थात् असमता भएर पनि व्यञ्जनको सरुपता हुनुलाई अनुप्रास भनिन्छ। शब्दसाम्यम् वैषम्येकपि स्वरस्य यत् (विश्वनाथ, २०५०, ७६८)। आचार्य विश्वनाथले छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यानुप्रास, लाटानुप्रास, अन्त्यानुप्रास गरी पाँच अनुप्रास अलङ्कारको सोदाहरण विवेचना गरेका छन्।

पूर्वीय काव्य मनिषीहरुको अलङ्कार सिद्धान्त एकातिर विकसित छ, अर्कोतर्फ तामाङ जातिको ह्वाइ (संस्कार) गीत परम्परित छ। पूर्व कार्यको अध्ययनबाट तामाङ जातिमा परम्परित संस्कार गीतमा पूर्वीय साहित्य सिद्धान्तमा विकसित अलङ्कार सिद्धान्तको उपयोग समबन्धी विवेचना भएको नपाइनु सम्बन्धित साहित्यको कमी हो।

अध्ययन विधि

उल्लिखित उद्देश्य प्रप्तिका लागि यस अध्ययनमा प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी दुवै स्रोतको प्रयोग गरिएको छ। प्रतिनिधिमूलक नमूना छनोट गरिएको छ। प्राथमिक स्रोत सङकलनका लागि स्थलगत भ्रमण, छलफल, गोष्ठी, श्रब्यदृश्य सामग्री आदिको प्रयोग गरेर १६ भाषा र २१ जातिको लोकभाका सङ्कलन गरी 'अरुण उपत्यकाको लोकभाका (२०७१)' पुस्तक र तामाङ लोकगीतमा बौद्ध धर्मको प्रभाव संकलन गरिएको छ। द्वितीयक स्रोतको प्रयोग गरी पुस्तकालय विधिबाट सैद्धान्तिक आधार सामग्री सङकलन गरिएको छ। विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई विश्लेषण गरी गुणात्मक अनुसन्धान गरिएको छ।

सङ्कलित गितका हरफहरुको सत्यापनको लागि सम्बन्धित जातिका संस्कार गित सम्बन्धी पुस्तकहरु, सम्बन्धित समुदायका अग्रजहरुसँग प्रत्यक्ष सम्पर्क एवम् सांस्कृतिक गतिविधि र संस्कारकर्मको प्रत्यक्ष अवलोकन गरिएको छ। आचार्य विश्वनाथकृत साहित्यदर्पणम् दशमः परिच्छेदमा विवेचना गरिएको अलङ्कारानाद र आचार्य मम्मट विरचित काव्यप्रकाशःको नवम् उल्लासको अलङ्कार लक्षणलाई प्राप्त गीतहरुको विश्लेषण गर्ने सैद्धान्तिक आधार बनाइएको छ। अरुण उपत्यकाका तामाङ्ग संस्कार गीत तामाङ भाषामा छन् तथापि देवनागरी लिपीको नेपाली भाषामा

लेखिएको छ । यस लेखमा शब्दालङ्कार, अन्तर्गत अनुप्रास अलङ्कार अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास, श्रुत्यानुप्रास, पुनरुक्तवादाभासको चर्चा गरिएको छ ।

लेखको सीमाङ्कन

पूर्वमा दूधकाशीदेखि पश्चिममा बुडीगण्डकीसम्म, उत्तरमा तिब्बतदेखि दक्षिणमा महाभारत शिवालिक पर्वतसम्म फैलिएको भूभाग तामाङ्गको मूलथलो मानिन्छ । नेपाल बाहिर उत्तरपूर्वी भारतको पश्चिम बङगाल, सिक्किम असाम, पूर्वमा भूटान र बर्मासम्म,उत्तरमा तिब्बतको दक्षिणपश्चिमको केरुङ, उइसेमा र सिगात्सेसम्म फैलिएको पाइन्छ । (तामाङ, २०५१, ड) । तामाङ जातिका लोकगीतमा रस अलङ्कार आदि काब्यतत्वहरु पाइन्छन् । अरुण उपत्यकाभित्र तामाङ जातिको बाक्लो बस्ती रहेका खाँदबारी, षडानन्द र चैनपुर नगरपालिका, सभापोखरी, चिचिला, मकालु, पाँचखपन गाउँपालिका भौगोलिक सीमा हो । तामाङ जातिका कर्म संस्कारगत लोक गीत सामग्रीको सीमा हो । गीतका उदाहरण देवनागरी लिपीमा तामाङ भषामा, विश्लेषण सैद्धान्तिक आधार संस्कृत भाषामा र विश्लेषण नेपाली भाषामा गरी तीन ओटा भाषा यस लेखको भाषिक सिमा हो । समसामयिक एक दशक को समयसमि रहेको छ । लोकगीतमा अलङ्कार सिद्धान्तका आधारमा अनुप्रास अलङ्कारको खोजी गर्नु अध्ययनको सीमा रहेको छ ।

नतीजा र परिणाम

तामाङ जातिको संस्कार वौद्ध धर्म र वोन लामा परम्पराबाट निर्देशित छ । हिमाली र पहाडी संस्कृतिको सम्मिश्रणमा तामाङ गीतहरु नेपाली र तामाङी दुबै भाषामा छन् । तामाङ संस्कृतिभित्रका जन्म, मृत्यु, विवाह, छेवर, पास्नी संस्कारहरु ह्वाइ अर्थात् गीतबाट सञ्चालित हन्छन् । नेपालभरि छरिएर बसोबास गर्ने तामाङहरुको संस्कार र संस्कार गीत समान छन् । तामाङ्ग गीतमा ङ, म, न, ल, ब, आदि नासिक्य व्यञ्जन बढी आवृत्त हुन्छन् । नेपाली भाषाका लोकगीतमा जस्तै तामाङ भाषाका संस्कार लोकगीतमा पनि अलङ्कारको चमत्कार पाइन्छ । संस्कार गीतमा निहित अन्त्यानुप्रास सौन्दर्यले जीवनलाई र जगतसँग जोडिदिन्छन् ।

निष्कर्ष

अलङ्कार काब्यतत्व हो, गीत गेयात्मक काव्य हो । गीतमा अलङ्कारले शोभाकारक धर्म र माधुर्य निर्वाह गर्छन् । अनुप्रास अलङ्कार सबै भाषाका गीतको सार्वभौम विशेषता र अपरिहार्य आभूषण हो । तामाङ भाषाका लोक गीत लोक साहित्यको उपविधा हो । तामाङ्ग संस्कार गीत धर्म,संस्कृति र मूल्यसँग सम्बन्धित भएकाले अविधात्मक छ । तसर्थ यमक, वक्रोक्ति, शब्दश्लेष आदि शब्दालङ्कार र उपमादि अर्थालङ्कारको चर्चा हुन सकेन । अन्त्यानुप्रास, वृत्यानुप्रास, छेकानुप्रास, श्रुत्यानुप्रास र पुनरुक्तवदाभास गरी पाँच प्रकारका अनुप्रास अलङ्कारको चर्चा गरियो । गहकिलो अनुसन्धान गर्न सके शब्दालङ्कार र अर्थालङ्कारका अन्य प्रयोग पनि पाउन सकिने छ ।

प्राप्त नतीजाको विश्लेषण

१. तामाङ जन्म संस्कार ह्वाइमा वृत्यानुप्रास , अन्त्यानुप्रास र पुनरुक्तवदाभास

बालक जन्मदा भेला भएका मानिसले टोटोम्हेन्दो (टोटोलाको फूल)को टिका लगाई सुतकबाट मुक्त भएको, थरकुलमा

प्राप्त भएको भन्दै आमाको महत्व यस गीतबाट दर्शाउँछन् । नेपाल भरिका तामाङहरु टोटोलाको फूल चलाउँछन् । खाँदबारी भेकका तामाङहरुको घरमा पनि टोटोलाको फूल हुन्छ । आम्मोइलको अर्थ बुद्धपत्नी यशोधरालाई आत्मिक रुपमा र बच्चाकी आमालाई स्थूल रुपमा पुकारिएको हो । दोश्रो पाउले अनुष्ठानको अभिशेक जल शिरमा धारण गर्नेको मगज स्वर्ण तथा त्रिफला (हर्रो, बर्रो, अमला)पारी तीब्र र दीर्घायु होस् भन्ने अशीर्वाद गीतसँग दिनु हो । (तामाङ, ९) ।

"आम्मोइले होइ आम्मोइले...आम्मोइले होइ आम्मोइले ।
मान्नाला है डान्नाला, क्रस्या मुनरी मुनाला ..."(पृ.८, तामाङ जाति) ।

अनेक शव्दहरुमा समान ध्वनि उही क्रममा आवृत्त हुनु वृत्यनुप्रास हो । अनेकस्यैधा साम्यसकृद्वाष्यनेकधा । एकस्य सकृदप्येष वृत्यनुप्रास उच्यते (विश्वनाथ, २०५०, ७७०) । का अनुसार गीतमा 'मान्नाला' 'डान्नाला' 'मा' 'ना' र 'ला' उही क्रममा आवृत्त भएकोले वृत्यनुप्रास अलङ्कारको लक्षण देखिन्छ ।

यस गीतको पहिलो दुई पाऊमा आबृत्ति अनुप्रास मिलेको छ । पहिलो पाउको 'मान्नाला' र दोस्रो पाउको 'मुन्नाला'मा अन्त्यनुप्रास पाइन्छ ।

पहिलो पाउको 'आम्मोइले होइ आम्मोइ'ले लगातार आवृत्ति भएकाले पुनरुक्तादाभासको लक्षण देखिन्छ ।

२. तामाङको छेवर संस्कार ह्वाइमा, अन्त्यानुप्रास, वृत्यनुप्रास र छेकानुप्रास

गीतमा आम्मोइले शब्दले आत्मिक रुपमा वुद्धपत्नी यसोधरा र स्थूल रुपमा बच्चाकी आमालाई आमा भनेर पुकारिएको हो भनिन्छ । जन्मेको एक देखि डेड बर्षमा छोराको कपाल काट्छन् । कपाल काट्दा सकेसम्म मामली, चेलीबेटी र दाजुभाइ भेला हुन्छन् । यो गीत गाउँछन् ।

"आम्मोइले होइ आम्मोइले, ...
घरै छाउने दुवालीः दूधको लिगी मावली ।
आजको पानसे यो दिनमा, आले च्यङबल छेवरारी"(तामाङ, २०५१, पृ.११९) ।

विश्वनाथकोः व्यञ्जनंचेद्यस्थावस्थं सहाद्येन स्वरेण तु । आवत्र्यतेकन्त्येयोज्यत्वादन्त्यानुप्रास एव तत् (विश्वनाथ, २०५०, ७७३) । लक्षणानुसार प्रस्तुत गीतमा दुवाली, मावली । छेवरारी शब्दमा अन्त्य भएका दुवै पाउको अन्त्यमा समान ध्वनि रहेकोले अन्त्यानुप्रास अलङ्कारको लक्षण छ ।

सोकनेकस्य सत्कृपूर्वः (मम्मट, सन् १९९८, १४७)। अर्थात् अनेक व्यञ्जनको एकपल्ट सादृश्य आवृत्ति छेकानुप्रास अलङ्कारको लक्षण हो । गीतको पहिलो पाउको 'दुवाली' र 'दुध'मा क्रमशः 'दु' र 'दू', असमान क्रममा आवृत्त भई छेकानुप्रासको लक्षण तथा 'पानसे' र 'दिन'मा 'न' व्यञ्जन समान क्रममा आवृत्त भई वृत्यनुप्रासको लक्षण देखिन्छ ।

३. कन्छयाङ ह्वाइ (भातख्वाइ) संस्कार गीतमा श्रुत्यानुप्रास अलङ्कारः

"लामा गान्बा तान्बा नाम्सालाः
ज्यो ज्यो आले नानाआङा ।"

उच्चार्यत्यदेक स्थाने तालुरदादिके । सश्यं व्यञ्जनश्चैव श्रुत्यानुप्रास उच्यते ॥५॥ (विश्वनाथ, २०५०, ७७२) ॥ तालु, दन्तआदिमध्ये कुनै एक स्थानबाट उच्चारण भएर व्यञ्जनको सादृश्य हुनु श्रुत्यानुप्रास हो । तदनुसार गीतमा

'नाना''मा''ना' दन्त्य व्यञ्जन वर्ण र 'गान्वा'– 'तान्वामा''न्' दन्त्य व्यञ्जन ध्वनिको आवृत्ति भएर सादृश्य पैदा गरेकोले श्रुत्यानुप्रास अलङ्कारको लक्षण देखिन्छ।

गीतमा ज्योज्यो, नानामा व्यञ्जनको उही क्रममा एक पटकमात्र आवृत्ति भएकोले छेकानुप्रासको लक्षण देखिन्छ। साला र आङामा अन्त्यानुप्रासको लक्षण देखिन्छ।

'गान्वा'–'तान्बा' युग्ममा 'बा' ब्यञ्जन क्रमविना एकपटक दोहोरिएकोले वृत्यनुप्रास अलङ्कारको लक्षण छ।

४. बज्रगुरु नामोत ह्वाइमा वृत्यानुप्रास र पुनरुक्तवदाभास

गीतले 'ताम्बा, गाम्बा, छयोपल, लामा बेनन, लामा जस्ता शब्दले बौद्ध संस्कारको महायान सम्प्रदाय भित्र बज्रयान शाखाको तान्त्रिक लामा, बज्रगुरु, गाम्बालाई पुकारेर सम्मान प्रकट गरेको छ।

ह्युल्ला गान्वा ताम्बासे –छयोपल रोल्मा छयोअीलाठी ,
लामा बेनन धानसासी –छयोअीला हिक्की अखोल्ना।
छयोगे चुकी लामा से –कीलकोर स्याङवा। (तामाङ, २०५१, १२१)

पहिलो पाउको ताम्बासे सँग पाँचौं पाउको लामासे शब्दमा समध्वनि छ। देश्रो पाउ,तेश्रो पाउमा क्रमशः छयोलाठी र धानलासी शब्दको 'ठी' र 'सी' मा 'ई' को समध्वन्यात्मक अवस्था छ। पहिलो र चौथो, दोस्रो र तेस्रोमा सदृश्य छ तर समान क्रममा आवृत्ति छैन। 'छयो' ब्यन्जन ४ पल्ट 'बा' 'ब्यञ्जन' तीनपल्ट 'ला' तीनपल्ट आवृत्ति भए पनि समान क्रम नभएकोले वृत्यनुप्रास अलङ्कारको लक्षण छ।

यहाँ वृत्यनुप्रासको लक्षण देखिन्छ। गीतमा प्रयुक्त गान्वा, तान्वा, लामा एउटै अर्थ भएका तर भिन्नभिन्न आकारमा दोहोरिएका पर्यायबाची शब्दमा पुनरुक्तवदाभास पाइन्छ।

५. चाङ्बु सेङ्बा ह्वाइ (गीतबाट चित्रमा रङ भर्ने) गीतमा शब्दालङ्ककार

यो कलाकारको श्रम गीत हो। कल्पवृक्ष, देवलोक, पिपलबृक्ष, सुमेरु पर्वत आदिको सन्दर्भ धर्म संस्कारसँग जोडिएको छ। भगवान वुद्धको लोक र बुद्धले तपस्या गरेको बोधिबृक्ष (पिपलको रुख), कल्पवृक्ष, पर्वत आदिको चित्र बनाउने कुरा गरिएको छ। पत्थर, कपडा वा कागजमा चित्र भर्दा शुभको कामना गरेर यो गीत गाइन्छ।

रोबाङ् याङला दोङ्बी चोक पुराङ च्योला मेद्यी चोक।
लिही युल्ला ठाकदोङ –जाम्बु युङला ज्याङछयुङ्पदोङः। (तामाङ,२०५१, १८१)।

शब्दार्थयोः पौनरुक्त्यं भेदे तात्पर्य मात्रतः। लाटानुप्रास इत्युक्त (विश्वनाथ, २०५०, ७७४)। केवल तात्पर्यमा भेद भएर शब्द र अर्थको पुनरुक्ति भयो भने लाटानुप्रास हुन्छ। तदनुसार यो गीतमा लाटानुप्रासको पूर्ण लक्षण त छैन। शाब्दस्तु लाटानुप्रासो भेदे तात्पर्यमात्रतः (मम्मट, १९९८, ४०६)। तात्पर्यमात्र भेद भएर पदानुप्रास भए लाटानुप्रास हुन्छ। मम्मटको लक्षण अनुसार पहिलो पाउमा आएको चोक देवलोकको लागि र दोश्रो पाउमा अएको चोक मनुष्यलोकको लागि प्रयुक्त छन्। शब्द अनुप्रास छ। तात्पर्यमात्र भिन्न हुनाले सूक्ष्म विश्लेषण गर्दा चोक शव्दमा लाटानुप्रासको लक्षण पाउन सकिन्छ।

पहिलो अन्तराको पहिलो पाउमा देङ्बी र मेद्दी शब्दमा अन्त्यानुप्रास पाइन्छ । दोश्रो अन्तरामा ठाक्दोङ, युङ्पदोङ्वा अन्त्यानुप्रास पाइन्छ । अन्त्यानुप्रासहरुले देवलोक र मानवलोकलाई सुन्दर तरिकाले संयोजन गरी गीतमा मिठास ल्याउँछ । 'ङ' ब्यञ्जनको पहिलो अन्तरामा चारपल्ट र दोश्रो अन्तरामा ४ पल्ट अनियमित आवृत्ति पाइन्छ । यसमा वृत्यनुप्रास अलङ्कारको लक्षण पाइन्छ ।

गीतको नेपाली रुपान्तर
कल्पवृक्ष देवलोकको – पिपल बृक्ष यसलोकको ।
सुमेरु पर्वतको गाछ यौटा –पुराङच्योको फूल एउटा ।

६. बिबाहमा गाइने ह्वाइमा पाइने अन्त्यानुप्रास अलङ्कार

बेहुला बेहुलीलाई माइती पक्षले र घरमा बेहुलाका आमाबाबु र बन्धुवान्धवले आशीर्वाद दिँदा यो गीत गाइन्छ । यस गीतांशमा तामाङ संस्कारमा वरबधुलाई आशीर्वाद दिँदा घाम जुनलाई साक्षी राखिन्छ भन्ने अर्थ द्योतन गरेको छ ।

लिनीका दिनी मुङ्गुरी –स्याबोमा भिल्के रेम्बोजेकी हुक्मरी ।
माकीमा रोपामा छेतेरे –आइराका पाको चेतेरे ।
बत्तीस कीला थेरेरे –झिल्केका स्याजियो फेरेरे (कृष्ण पाख्रिन)
नेपाली रुपान्तर
जुन र घाम आकाशमाः झिल्के नाच्यो बेहुलाको आदेशमा
आम्मोइले होइ आम्मोइले, आम्मोइले लाला खैलाला । (बुढाथोकी, २०७४, १३०) ।

यहाँ तीन अन्तरा छन् । पहिलो अन्तरामा 'नी' व्यञ्जन रदोश्रोमा 'मा' आवृत्त भै वृत्यनुप्रास अलङ्कार देखिन्छ । पहिलो अन्तरामा मुङ्गुरी र हुक्मरीमा, दोश्रो अन्तरामा क्रमशः छेतेरे र चेतेरेमा, तेश्रो अन्तरामा थेरेरे र फेरेरेमा अन्त्यानुप्रास अलङ्कारको लक्षण देखिन्छ । गीतका अन्त्यानुप्रासमा भएका अनुकरणात्मक शब्दले श्रृङ्गगार र हास्यरस रसको परिपोष गरेका छन् ।

७. तामाङ इतिहासको ह्वाइमा वृत्यनुप्रास र पुनरुक्तवदाभास

लिच्छवी कालमा वौद्ध धर्म तामाङको रहेको, शङ्कराचार्यले ८४ हजार तामाङ ग्रन्थ र ताम्रपत्र जलाइदिएको, तान्त्रिक लामा तिर लाग्नु परेको चिन्ता ब्यक्त भएको छ । यो गीत चैनपुर नगरका गुरुनारायाण घिसिङले गाउनुहुन्छ ।

तामाङ भाषाको गीत नेपाली भाषमा अर्थ
चुहे ह्याङ्ला याम्बुरी–लिच्छबी ग्लेला दुइरीमी (यसै हाम्रो नेपालमा : लिच्छवी राजाको पालामा)
थे दुइला ङाज्याङ धर्ममी–बुद्धधर्म मुवारीम् । (त्यो बेलाको ठूलो धर्म वुद्धधर्म रहेछन् ।)
सिन्धु ज्यागर लिङ हिन्छे –शङ्कराचार्य खासीनाम् । (सिन्धु भारत देशबाट शङ्कराचार्य आएर ।)
वुद्धधर्म लाठिम् नाम्सी –काङ्गुर तिङ्युर छयोइला बुम् (वुद्धधर्मको विरोध गरी धर्म त्रिपिटक ग्रन्थ)
ब्रेच्युइ लिचुङ बौद्ध घ्योइ ह्याङ तामाङ लारिङ ठिम ग्योइ । (चौरासी हजार बौद्ध ग्रन्थ हामी तामाङका ताम्रपत्र ।) (गुरुनारायण, खमारे)

शंकराचार्य से खाङजी घ्योइ, ह्याङला आखे म्हेम्हे से (तामापत्र जलायो शंकराचार्यले हाम्रो जिजु बाजेले । (बुढाथोकी, २०७१, १३०)।

तामाङ भाषामा वौद्ध दर्शनको इतिहास भएको यो गीतमा ६ ओटा अन्तरा र १२ ओटा पाउहरु छन्। पहिलो अन्तरामा 'याम्बुरी' र 'दुइरिमी' मा 'री' 'मी' ध्वनिमा अनुप्रास छ। दोश्रो, तेश्रो र चौथो अन्तरामा अन्तराको दोश्रो पाउमा क्रमशः 'मुवरीम्, खासीनाम् र बुम्'मा 'म्'को सादृश्य आवृत्ति छ। चौथो अन्तराका पहिलो र दोश्रो पाउ तथा छैठौं अन्तराको पहिलो पाउमा घ्योइ, ग्योइ र घ्योइको सादृश्य आवृत्ति छ। प्रस्तुत गीतमा अन्त्यानुप्रासको अनियित वितरण र ला, म, ङ, म जस्ता व्यञ्जनहरुको नियमित अनियमित आवृत्तिले वृत्यानुप्रास अलङ्कारको लक्षण देखिन्छ। समान अर्थका वुद्ध, वौद्ध आवृत्तिले पुनरुक्तवदाभासको लक्षण देखा परेको छ।

८. नेपाली भाषाका तामाङ लोकगीतमा शब्दालङ्कार

८.१. दोहोरी गीतमा

च्याङ्वा र मैच्याङ हाट, बजार,मेलापतमा भेट्दा गाउने दोहोरी गीतमा आमोद–प्रमोद र मायाप्रीतिको अभिब्यक्ति पाइन्छ। अरुण उपत्यकाको मकालु र चिचिला क्षेत्रमा यो दोहोरी सुन्न पाइन्छ। जातीय पहिरनमा डम्फू ताल बाजामा गाइने यसलाई सेलो भन्दछन्।

केटाः बेसीको फाँटमा ,सतीघाटमा, राम्साली धानको कुनियाँ
यो केटी तान्छु मो लान्छु बलगरी देऊ है दुनियाँ।
केटीः फूलले माया लाउँदैन,कोपिला फेरि आउँदैन
अल्लारे छँदै लैजाऊ है खोजेर फेरि पाउँदैन। (बुढाथोकी, २०७१, ११६)

केटाले गाएका गीतको अन्त्यमा कुनियाँ र दुनियाँ शब्दमा क्.उ. 'न्.इ' 'य्.आ. 'अनुनासिक छन्। दोश्रो हरफमा क्रमशः द्.उ.'न्.इ''य्.आ'अनुनासिक ध्वनि सृङ्खला देखिन्छ। अन्तिम शब्दको पहिलो ब्यञ्जन ध्वनि क्रमशःक् र द् मा पनि प्राणत्व र घोषत्वको हिसाबले अनुप्रास समान छ। तत्पश्चातका अनुप्रासले त् र द् ध्वनि विभेदीकरण अनुभव हुन दिँदैनन्। गीतका पाउमा भएका अनुप्रासले बिषयगत पृथकतालाई उद्देश्योन्मुख बनाउँछन्। केटीले गाएका दुइ पाउमा आएका आउँदैन र पाउँदैनमा पनि समान लक्षण पाइन्छ। अन्त्यानुप्रासको शक्ति र सौन्दर्यले छोपेर 'आ'स्वर ध्वनि भए पनि 'पा'मा भएको 'आ'अगाडि भएको 'प्'ध्वनि जस्तै सुनिन्छ। अघिल्लोमा भएको क् र प् अनि पछिल्लोमा भएको आ र पा नै अन्त्यानुप्रासको मुख्य तत्व हुन्। यसरी तामाङ दोहोरी गीतमा अन्त्यानुप्रास अलङ्कारको लक्षण छ।

यसरी नैः फाँटमा–घाटमा, लाउँदैन–गाउँदैनःमा टमा र दैन ब्यञ्जनहरु उही क्रममा आवृत्त भएका छन्। यसकारण प्रस्तुत गीतमा छेकानुप्रासनुप्रास अलङ्कार देदिन्छ।

८.२. बाह्रमासे गीतमा

स्थायीः आप्पाकी छोरी ...
माथिको माने डाँडामा लामाले धर्मिन चढाको
आप्पाकी छोरी मैच्याङलाई (मनमाथि धड्कन बढाको)२ (ललल लललनलल)३
(सुनाखरी फुल्यो पाखामा, चिमाल फुल्यो बेँसीमा।)२। (छिनछिनमाछनछिनमा)

गीतमा 'चढाको–बढाको' 'बेंसीमा– छिनछिनमा' अन्त्यानुप्रास हुन् । यिनको प्रयोगबाट गीतहरुमा सांस्कृतिक बिम्बहरु, प्राकृतिक प्रतीकहरुसँग माया, प्रेमका भावहरु अन्तरघुलन भएका छन् । सौंन्दर्य युक्त छन् । यी अन्त्यानुप्रासले गीतमा काब्यशोभाकारक धर्म निर्वाह गरेका छन् ।

माथिको माने डाँडामा लामाले धर्मिन चढाकोगीतको यस पाउमा 'माथिको, माने, लामाले, धर्मिन' यी चार शब्दमा 'मा' व्यञ्जन शुरुमा पहिलो क्रममा र पछि दोश्रो क्रममा दोहोरिएका छन् । यसमा म व्यञ्जनको अनेक पटक आवृत्ति भई वृत्यानुप्रास अलङ्कार बनेको छ ।

निष्कर्ष

तामाङ जातिको संस्कार वौद्ध धर्म र वोन लामा परम्पराबाट निर्देशित छ । हिमाली र पहाडी संस्कृतिको सम्मिश्रणमा तामाङ गीतहरु नेपाली र तामाङी दुबै भाषामा छन् । तामाङ संस्कृतिभित्रका जन्म, मृत्यु, विवाह, छेवर, पास्नी संस्कारहरु ह्वाइ अर्थात् गीतबाट सञ्चालित हन्छन् । नेपालभरि छरिएर बसोबास गर्ने तामाङहरुको संस्कार र संस्कार गीत समान छन् । तामाङ्ग गीतमा ङ, म, न, ल, ब, आदि नासिक्य व्यञ्जन बढी आवृत्त हुन्छन् । नेपाली भाषाका लोकगीतमा जस्तै तामाङ भाषाका संस्कार लोकगीतमा पनि अलङ्कारको चमत्कार पाइन्छ । संस्कार गीतमा निहित अन्त्यानुप्रास सौन्दर्यले जीवनलाई र जगतसँग जोडिदिन्छन् । अलङ्कार काब्यतत्व हो, गीत गेयात्मक काव्य हो । गीतमा अलङ्कारले शोभाकारक धर्म र माधुर्य निर्वाह गर्छन् । अनुप्रास अलङ्कार सबै भाषाका गीतको सार्वभौम विशेषता र अपरिहार्य आभूषण हो । तामाङ भाषाका लोक गीत लोक साहित्यको उपविधा हो । तामाङ्ग संस्कार गीत धर्म, संस्कृति र मूल्यसँग सम्बन्धित भएकाले अविधात्मक छ । तसर्थ यमक, वक्रोक्ति, शब्दश्लेष आदि शब्दालङ्कार र उपमादि अर्थालङ्कारको चर्चा हुन सकेन । अन्त्यानुप्रास, वृत्यानुप्रास, छेकानुप्रास, श्रुत्यानुप्रास र पुनरुक्तवदाभास गरी चार प्रकारका अनुप्रास अलङ्कारको चर्चा गरियो । गहकिलो अनुसन्धान गर्न सके शब्दालङ्कार र अर्थालङ्कारका सबै लक्षणहरु पाउन सकिन्छ ।

सन्दर्भसूची

अधिकारी, डा.हेमाङ्गराज र बद्री विशाल भट्टराई(२०६१) प्रयोगात्मक नेपाली शब्दकोश,विद्यार्थी प्रकाशन प्रालि ।

आचार्य, विश्वेश्वर (२०४२), आचार्य मम्मटकृत काव्यप्रकाश, ज्ञानमण्डल लिमिटेड ।

आचार्य, शेषराज शर्मा रेग्मी (सन् १९९३), पण्डित विश्वनाथको साहित्य दर्पणम्, कृष्णदास अकादमी,

चौहान, डा.दलवीरसिंह (२०६८)पण्डितराज जगन्नाथ विरचित रसगङ्गाधर, चौखम्बा कृष्णदास अकादमी ।

तामाङ, अजितमान (सन् २००६), तामाङ जातिको मौखिक इतिहासका अवशेषहरु, कोनडोङडोङ थेत्मा याम्बू ।

तामाङ्, परशुराम (२०५१) ,तामाङ जाति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तामाङ, रविन्द्र (२०५४),तामाङ रीमठिम, प्रतिभा समूह ।

थापा, डा. हिमांशु (२०५०), साहित्य परिचय, साझा प्रकाशन ।

बुढाथोकी, ताराबहादुर (२०७१), अरुण उपत्यकाका लोकभाका, लायन्स मनराम प्रतिष्ठान ।